# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८१

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान सिप क्षमतार अनुभवको सदुपयोग गरि निजहरु प्रति श्रदा आदर तथा सदभाव अभिबृद्धि गर्नुको साथै राज्यद्धरा तोकिएको सेवा एंव सुविधाको उचित व्यवस्थापन गरी स्थानिय सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम सन्दकपुर गाँउपालिकाले यो कार्यविधि लागू गरेको छ।

**१.सक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " **ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८१**" रहेको छ।

२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुने छ।

**२.उदेश्य**

क. ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लागत राख्ने ।उत्त लागत राख्ने कार्यमा एकरुपताका लागि अनुसुचि २ को ढाँचामा लागत राख्नु हुनेपर्नेछ।

ख.नेपालको संविधान प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन सार्वजनिक कार्य स्वास्थ्य सेवा तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकहरुलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग.प्रचलिन ऐन नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान सिप क्षमता र अनुभवको सदुपयोग गरि विकास प्रक्रियामा सहभागी गराउने।

**३. लक्षित वर्गः**

ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

**४. ज्येष्ठ नागरिकको वर्गीकरणः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम १ बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम रहेको छ।

क. साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक।

ख. सत्तरी वर्ष उमेर पुरा गरेकफ बरिष्ठ ज्येष्ठ नागरिक।

ग. असाहय ज्येष्ठ नागरिक

घ. अशत्त ज्येष्ठ नागरिक

ङ. एकल ज्येष्ठ नागरिक

**६. ज्येष्ठ नागरीक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकहरुलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिने छ।**

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची -१ बमोजिम हुनेछ। ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ उत्त परिचयपत्र नेपाली भाषामा हुनेछ।**

**८. परिचय-पत्र वितरण प्रक्रियाः**

क. ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धीत स्थानिय तहको कार्यालयमा निवेदन दिनुपर्नेछ।

ख. निवेदनको साथ ६० वर्ष उमेर पुगेको नेपाली नागरिकताको प्रतिलिपी र अटो साइजको दुइ प्रति फोटो हुनुपर्नेछ।

ग. ज्येष्ठ नागरिक परिचय-पत्र गाउँपालिकाको कार्यालय मार्फत प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीद्धारा प्रदान गरिने छ।

घ. परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको अभिलेख सम्मन्धित शाखाले राखी आवश्यक परेको बेला सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउने।

ङ. यस गाउँपालिका बाहेक अन्यत्र स्थानको नेपाली नागरिक भए आवश्यक कागजातसँग स्थायी बसोबास गरेको प्रमाण सहित संलग्न राखी पेश गर्नुपर्नेछ।

च. यसभन्दा अघि महिला तथा बालबालिका कार्यालयबाट प्राप्त गरेको ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपी उपलब्ध गराउन सकिनेछ।

**अनुसूची - १**

सन्दकपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

माबुमोड, देउराली, इलाम

कोशी प्रदेश,नेपाल

**ज्येष्ठ नागरिक परिचय-पत्र**

नामथर.....................................

ना.प्र.नं.....................................

ठेगाना जिल्ला................गा.पा./न.पा......................वडा नं......

टोल/गाउँ.......................उमेर.....................लिङ्ग..................

उपलब्ध छुट तथा सुविधाहरु..................................................

पति/पत्नीको नाम.................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण...............................

संरक्षकको नामथर सम्पर्क ठेगानाः.......................................

मोवाइल नं...................................रक्त समूह......................

रोग भए रोगको नाम..........................................................

सेवन गरिरहेको औषधीको नाम.............................................

प्रमाणित गर्ने अधिकृतको

दस्तखतः

नामथरः

पदः

कार्यालयः

कार्यालयको छाप